श्री

# कञ्चनपुर जिल्ला अदालत

# कंचनपुर

प्रशासन शाखा

फोन नं.: ०९९-५२२६०६
ईमेल:
info.dckanchanpur@supremecourt.gov.np

च.नं
प.सं. ०७७/०७८

## कञ्चनपुर जिल्ला अदालतवाट जारी भएको सूचना।

*सूचना जारी मितिः २०७८।०१।१५*

विश्वभरि फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा समेत फैलिई कञ्चनपुर जिल्लामा पनि तिव्र रुपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ गतेको निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ को उपदफा (३) बमोजिम कञ्चनपुर जिल्लाभर मिति २०७८।०१।१६ गते विहान ६:०० बजेदेखि मिति २०७८।०१।२२ गते राती १२:०० बजेसम्म जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।०१।१४ गते जारी भएको आदेश बमोजिम निषेधाज्ञा जारी गरिएको अवस्था तथा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७८।०१।१४ बसेको पुर्ण बैठकको निर्णय समेतको आधारमा यस कञ्चनपुर जिल्ला अदालतवाट प्रवाह हुने नियमित अदालती कामकारवाही समेत प्रभावित हुने भै सेवा प्रवाहमा संकुचित गर्नुपर्ने भनी मिति २०७८।०१।१५ गते यस अदालत र जिल्ला तथा उच्च बारको संयुक्त बैठकवाट जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।०१।१४ गते जारी भएको आदेश बमोजिम निषेधाज्ञा जारी गरिएको अवधिभर यस अदालतवाट देहाय बमोजिमका सेवा प्रवाह गरिने र अन्य नियमित सेवाहरु स्थगन गरिएको बेहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट निवेदन दर्ता र सुनुवाई गर्ने।
२. म्याद थप, पक्राउ पुर्जी जारी गर्न अनुमति प्रदान, जरुरी पक्राउ पुर्जि स्वीकृत, CDR अनुमति प्रदान।
३. अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश सम्बन्धि सुनुवाई।
४. घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता।
५. मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली र कसूर ठहर भएका मुद्दाहरुमा सजाय निर्धारण सम्वन्धी सुनुवाई ।

पुनश्चः यस अदालतका काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिभर मुद्दा, रिट तथा निवेदनहरुको हदम्याद, म्याद र तारिख नगुज्रने र कोभिड-१९ को जोखिम बढ्न गई जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीवाट निषेधाज्ञाको समयावधि थप भएमा यस अदालतको सेवा प्रवाहमा भएको संकुचनमा समेत सोही अनुसार समयावधि थप भएको मानिने बेहोरा सबैको जानकारीको लागि अनुरोध छ।

२०७८।१।१५

जयन्ती अवस्थी भट्ट
श्रेस्तेदार(उपसचिव)